कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

Google Plus Code
5MXQ+5CJ
Kohalpur

कोहलपुर, बाँके ,

लुम्बिनी प्रदेश, नेपाल

पत्र सं.: २०८२/०८३

चलानी नं.: ५६८

**विषय : शिक्षण सिकाइ सहजकर्ता आवश्यकता सम्बन्धमा।**

प्रथम पटक प्रकाशित मिति : २०८२/०७/१२

कोहलपुर नगरपालिका शिक्षण सिकाइ सहजकर्ता कार्यविधि २०८० को बुदाँ ७ बमोजिम देहायको पदमा पदपूर्ति प्रयोजनका लागि योग्यता पुगेका उम्मेदवारहरुबाट मिति २०८२ कार्तिक १८ गतेसम्म दरखास्त आह्वान गरिन्छ।

तपसिल :

| क्र. सं. | तह | विषय | संख्या | विज्ञापन नं | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|---|---|---|
| १ | माध्यमिक तह | नेपाली | १ | ०४/०८२/८३ | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण,तालिम प्राप्त र स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि। |
| २ | आधारभूत तह | गणित | १ | ०५/०८२/८३ | - मान्यता प्राप्त शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण। |

**१. उम्मदेवारमा हुनु पर्ने न्यूनतम आवश्यक योग्यता :**

- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि
- दरखास्त दिने अन्तिम मितिसम्म १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

**२. उम्मदेवारले अनिवार्य रुपमा पेश गर्नु पर्ने थप आवश्यक कागजातहरू :**

- नगरपालिकाले निर्धारण गरेको दरखास्त फाराम (शिक्षा तथा खेलकुद शाखाबाट लिन सकिने)
- माध्यमिक तहको लागि रु. १०००/- र आधारभूत तहको लागि रु. ७००/- को परीक्षा दस्तुर जम्मा गरेको सक्कल रसिद
- कोहलपुर नगरपालिकाको स्थायी बासिन्दा रहेको उम्मेदवारले नागरिकता वा बसाइसराइ वा वैवाहिक कारण कोहलपुरको स्थायी बासिन्दा हुने महिलाको हकमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि

**३. परीक्षा सम्बन्धी थप प्रावधान :**

- परीक्षाको माध्यम लिखित तथा मौखिक हुनेछ र आवश्यक परेको खण्डमा प्रयोगात्मक परीक्षा समेत लिन सकिनेछ।
- परीक्षा सम्बन्धी थप कार्यतालिका दरखास्त दिने अन्तिम दिनको भोलिपल्ट सार्वजनिक गरिनेछ।
- परीक्षासम्बन्धी पाठ्यक्रम शिक्षण सिकाइ सहजकर्ता कार्यविधिले निर्धारण गरे बमोजिम हुनेछ। (कार्यविधि अनुसार शिक्षक सेवा आयोगले निर्धारण गरेको विषयगत परीक्षा र अन्तरवार्ता मात्र संचालन गरिनेछ भने सामान्य वा वस्तुगत परीक्षाको प्रावधान रहने छैन
- नगरपालिकाले निर्धारण गरेको ढाँचाको फोटो सहितको दरखास्त फाराम
- दरखास्त पेश गर्ने अन्तिम मिति २०८२/०७/१८ गते कार्यालय समयभित्र मात्र शिक्षा तथा खेलकुद शाखामा। रीत नपुगेको र तोकिएको समयभन्दा पछि प्राप्त दरखास्त स्वीकृत गरिने छैन।
- सिकाइ सहजकर्ताको पारिश्रमिक तथा सेवा सुविधा शिक्षण सिकाइ सहजकर्ता कार्यविधि २०८० को दफा १६ बमोजिम कायम गरिनेछ।
- लिखित परीक्षामा सफल हुने उम्मेदवारलाई करार सूचीमा राखी आवश्यकता र प्राथमिकताका आधारमा विद्यालयमा खटाइनेछ।

..................
मान बहादुर गिरी
प्रमुख प्रशासकीय अधिकृत

मान बहादुर गिरी
प्रमुख प्रशासकिय अधिकृत